# स्थानीय तहको सामाजिक परीक्षण प्रतिवेदन
## २०७४

पेश गर्ने निकाय :–

**नेपाल सरकार**
**पाँच नम्वर प्रदेश**
**मालारानी गाँउकार्यपालिकाको कार्यालय**
**खनदह, अर्घाखाँची**

पेश गर्ने :–

**मेरो मिडिया घर**

# कृतज्ञताज्ञापन

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न यो सामाजिक परिक्षण कार्य गरिएको छ । यसको प्रमुख उद्देश्य स्थानीय तहको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्दै आगामी कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु रहेको छ । स्थानीय तहमा अनुदान कार्यान्वयन प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुऱ्याउनु रहेको छ । यसै क्रममा स्थानीय तहमा अन्य विषयगत कार्यालयहरुले गरेका सम्पूर्ण कार्यहरुको सामाजिक जवाफदेहिता तथा पारदर्शितालाई आम समुदाय विचमा उजागर गर्नु रहेको छ ।

यस सामाजिक परिक्षण जस्तो गहन र महत्वपूर्ण कार्यको जिम्मेवारी यो समुहलाई प्रदान गरि अध्ययन परीक्षणको क्रममा समय समयमा सुझाव र मार्गनिर्देशन प्रदान गर्ने मालारानी गाँउपालिका, खनदह, अर्घाखाँची परिवारलाई हार्दिक धन्यवाद प्रदान गर्दछौ । यसै गरि अध्ययन परीक्षणको क्रममा आवश्यक समन्वय र सुचना उपलब्ध गराउने मालारानी गाँउपालिका वार्ड नं ३ खनदह र वार्ड नं. ६ हंसपुरका वडा अध्यक्षहरु ज्यू तथा वडा सचिव, स्वास्थ्य संस्था, शैक्षिक संस्था तथा अन्य विषयगत कार्यालय प्रति हार्दिक आभार प्रकट गर्दछौ ।

अन्त्यमा सामाजिक परीक्षण एक वृहत तथा गहन अध्ययन विश्लेषण प्रक्रिया रहेकोले यो अध्ययन परीक्षणको क्रममा समेटन नसकिएका विषयवस्तुहरु आगामि दिनहरुमा समेट्ने र आवश्यक सल्लाह, सुझाव र मार्ग-निर्देशनका लागि सदैव सामाजिक परिक्षण समुह तयार रहने प्रतिबद्धता व्याक्त गर्दछौ ।

सामाजिक परीक्षण समूह

## विषयसुची


| क्र.सं | विवरण | पेज नं. |
|---|---|---|
| १ | कृतज्ञताज्ञापन | I |
| २ | विषयसुची | II |
| ३ | पृष्ठभूमी | १ |
| ४ | सामाजिक परीक्षणको उदेश्य | १ |
| ५ | अध्ययन विधि | १ |
| ६ | अध्ययनको सीमा | २ |
| ७ | वृहत छलफल कार्यक्रमको विवरण | ३ |
| ८ | छलफलमा स्थानीय समुदायको प्रतिक्रिया | ३ |
| ९ | छलफलमा गैससको प्रतिक्रिया | ९ |
| १० | छलफलमा सरकारी निकायको प्रत्रिक्रिया | ९ |
| ११ | छलफलमा गाँउपालिकाद्धारा आएका प्रतिक्रिया | १० |
| १२ | ज़नप्रतिनिधीद्धारा आएका प्रतिक्रिया | ११ |
| १३ | गाँउपालिका प्रमुखद्धारा आएका प्रतिक्रिाय | १२ |
| १४ | पालिकाको विवरण तथा अवस्था | १४ |
| १५ | पालिका अर्न्तगतका विषयगत शाखाहरुको विवरण तथा अवस्था | १९ |
| १६ | सामाजिक परिक्षणमा देखिएका सवल पक्षहरु | २० |
| १७ | सामाजिक परिक्षणमा देखिएका कमिकमजोरीहरु | २१ |
| १८ | सामाजिक परिक्षणद्धारा स्थानीय तहलाई अवसरहरु | २२ |
| १९ | सामाजिक परिक्षणका चुनौतीहरु | २३ |
| | अनुसुचीहरु | |

# सामाजिक परीक्षण प्रतिवेदन

श्री मालारानी गाँउकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखांची

## १. पृष्ठभूमी :

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा अनुसार गर्ने कार्य लाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरि सामाजिक परीक्षणका कार्यलाई अगाडि बढाइएको छ । सामाजिक परिक्षणको मुख्य उद्धेश्य भनेको स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु हो । यसै सिलसिलामा अर्घाखांची जिल्ला मालारानी गाँउकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखांची ले पनि बाह्य विज्ञहरु मार्फत मालारानी गाँउपालिका वार्ड नं. ३ र ६ मा सार्वजनिक निकाय द्वारा आ.व. २०७३/७४ मा सम्पादन गरेका कार्यहरुको सामाजिक प्रभाव मूल्यांकन गर्ने उद्धेश्यबाट सामाजिक परीक्षणको कार्य गर्न खोजिएको हो। यो परिक्षण यस गाँउपालिकाको दूइ वटा वडाहरुमा मात्र गरिएको भएता पनि यस प्रतिवेदनले समस्टिगत रुपमा यस गाँउपालिकामा भए गरेका स्थानियतहसंग सम्वन्धित सम्पूर्ण कार्यको प्रतिनिधित्व गर्ने विश्वास लिइएको ।

## २. सामाजिक परीक्षणको उद्धेश्य :

- सामाजिक परीक्षण गर्ने संस्थाका सरोकारवाला तथा लाभान्वित समूह प्रतिको जवाफदेहीतालाई प्रकाश पार्नु,
- समूदायमा स्थानिय तहका कार्यक्रमबाट पर्न गएको प्रभावहरुको लेखाजोखा गर्नु,
- सरोकारवालाहरुको पृष्ठपोषणबाट प्राप्त भएका सुझावहरुलाई परिस्कृत गर्दै संस्थाले आगामी दिनमा कार्य सम्पादनमा सुधार ल्याउन प्रभावकारी कार्ययोजना बनाउन सहयोग पुऱ्याउनु,
- पछाडी पारिएका तथा पिछडिएका समूदायलाई आफ्नो आवाज र अधिकार माग राख्ने अवसरको रुपमा एउटा सामाजिक मंच प्रदान गर्ने,
- संस्थालाई सामूहिक निर्णय प्रक्रिया तथा जिम्मेवारी वहन गर्न प्रोत्साहित गर्ने,

- संस्थागत सुसाशन तथा जवाफदेहितालाई संस्थागत गर्ने,
- संस्था, समूदाय र सरोकारवालाहरु बीचको सम्बन्धलाई मित्रशक्तिको रुपमा विकास गर्ने,
- वृहत स्तरकमा संस्थागत पारदर्शीताको विकास गराउनु ।

**३. अध्ययन विधि :**

यो अध्ययन गुणात्मक विश्लेषण तथा मात्रात्मक तथ्यांकमा आधारित रहि पूर्ण गरिएको छ, यद्यपी यस अध्ययनलाइ व्यावस्थित र विश्वसनिय बनाउनकालागी निम्न प्रकृया अपनाइएको थियो :

- सन्दर्भ सामाग्रीको रुपमा वार्षिक योजना, समिक्षा तथा प्रगती प्रतिवेदन, सार्वजनिक परीक्षणको प्रतिवेदन तथा नागरिक वडापत्रहरुको अध्ययन,
- सामाजिक परीक्षणको अवसरमा व्याख्यान विधि, छलफल विधी, प्रश्नोत्तर विधिको उपयोग गरीएको,
- सामाजिक परीक्षणको लागि विभिन्न सरोकारवाला तथा लाभान्वित वर्गहरुको भेला गरीएको,
- व्यक्तिगत औपचारिक तथा अनौपचारिक अन्तर्वार्ता समेत भएको ।

**४. अध्ययनको सीमा :**

- समय र श्रोतको कमीको कारण अध्ययन गरिएका वार्डहरुमा रहेका योजनाहरुको पूर्ण रुपमा तुलनात्मक विस्तृत अध्ययन हुन नसकेको,
- अध्ययन संग सम्वन्धित तथ्यांकको सम्वन्धित कार्यालयमा उपलब्धतामा कमी,
- विषयगत कार्यालयको वर्गिकृत रुपमा विस्तृत अध्ययन हुन नसकेको,
- यो अध्ययन विशेषत मालारानी गाँउपालिकाका वार्ड नं.३ र ६ संग सम्वन्धित छ ।

**५. वृहत छलफल कार्यक्रमको विवरण :**

क) मिति : २०७४।०७।२९

ख) स्थान : मालारानी गाँउपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

ग) समय : पूर्वान्ह ११।०० देखि अपरान्ह २.३० बजे सम्म

**घ) उपस्थित सहभागिको संख्या :**

| विवरण | दलित | | | जनजाति | | | अन्य | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा |
| | २ | १ | ३ | १ | १ | २ | ६ | १६ | २२ | ९ | १८ | २८ |

*नोट : विस्तृत विवरण अनुसूचिमा समावेश गरिएको छ ।*

**ङ.) सहजकर्ता :** सामाजिक परीक्षक समुह नेता : सुरज बहादुर शारु

**च) सामाजिक परीक्षणको विषय :** स्थानीय तह सामाजिक परिक्षण

**छ ) कार्यक्रमको सक्षिप्त जानकारी :**

- आसन ग्रहण,
- परिचय,
- सामाजिक परीक्षकबाट तयार गरीएको प्रतिवेदन प्रस्तुति,
- छलफल र सुझाव संकलन,
- सरोकारवाला निकायबाट प्रतिक्रिया,
- मालारानी गाँउपालिका अध्यक्ष बालकृण आचार्यद्धारा कार्यक्रमको सम्वन्धमा सुझाव तथा मार्गनिर्देन व्याक्त गर्दै कार्यक्रम समापन ।

**ज) सामाजिक परीक्षक :** टोली प्रमुख सुरज बहादुर शारु, विज्ञ नविन के.सी.

**झ) सहभागिबाट आएका सवालहरु :**

**१. समूदायबाट आएको विषय :–**

समुदाय तहबाट सामाजिक परिक्षणको कार्य अध्ययन छलफल कार्यक्रम तथा अध्ययन द्वारा प्राप्त नतिजाको प्रस्तुतीकरणको समयमा उठेका सवालहरु निम्नानुसार वर्गिकृत गरिएको छ :

❖ **स्थानीय तहको कार्य प्रती :–**

**सवल पक्षहरु :**

- दुवै वार्डमा टोल विकास संस्थाबाट प्राथमिकीकरण भएर आउने योजनालाई पालिकाद्धारा संम्वोधन गरिएको,
- स्थानीय तहद्धारा भएका अनुगमन प्रक्रीया उपयूक्त नै महशुश गरिएको,

- सार्वजनिक परिक्षणले आमनागरिकमा योजना र वजेट प्रतिको जनचासो वृद्धी गरेको छ ।
- लक्षितवर्गको आवाज योजना माग गर्ने समयमा एकजुट भइ अगाडी आउने तथा योजना र वजेटको जानकारी लिने दरमा वृद्धी हुन थालेको छ,
- योजना छनौट प्रकृया टोल विकास संस्थाबाट शुरु गरिनु सकारात्म,
- वार्ड तहको आम्दानी विवरण मासिक रुपमा पालिकामा पेश हुनु सकारात्मक,
- टोल विकास संस्थामा आधारित रही सम्भाव्यताको आधारमा सिपमुलक आयमुलक तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनु,
- प्रसुती पोषण, खरको छाना विस्थापीत, बालमैत्री, बालबालिकालाई टिफिन बक्स वितरण गरि विद्यालयलाई जंक फुड निषेध अभियान अनुकरणिय,
- दोहोरो अनुगमनमा आधारित भुक्तानी प्रकृयाले वित्तिय जोखिमा न्यूनिकरण गर्न सहयोग,
- सार्वजनिक परिक्षण प्रति आम जनताको सकारात्मक धारणा, यस्तो कार्यले कार्यक्रमको रकम खोजतलाश गर्ने बानीको समुदायमा थालनी तसर्थ यस प्रति समुदायको निरन्तरताको माग ।

सुधार गर्नु पर्ने पक्षहरु :

- योजना तर्जुमा प्रक्रियामा तथा आवश्यकता पहिचान गर्दा लक्षितवर्गको सहभागिता प्रतिनिधीमूलक मात्र रहेको,
- लक्षित वर्गलाई विशेष प्राथमिकता दिएर बजेट विनियोजन भन्दा पनि निर्देशिकाले तोकेकोले बाध्यात्मक अवस्थामा मात्र विनियोजन भएको,
- योजनाको विषयमा आम उपभोक्तामा जानकारीको अभाव,
- योजनाहरुको सार्वजनिक परिक्षण गर्ने भनिएता पनि आम जनतामा यसको जानकारी न्यून रहेको,
- योजना कार्यान्वयनमा सम्बन्धित पक्षको (समुदायका जनता) सामाजिक जिम्मेवारी कम भएको,
- विगतबाट सिकेका पाठहरुको समिक्षा मार्फत आएका विषयहरुको अभिलेखिकरण गर्ने नगरेको,
- सबै प्रकारका श्रोतको अनुमान गरी प्राप्त हुन सक्ने आयको अनुमान गरेको पाईएन,
- मासिक आय सँकलन र खर्चको विवरण सार्वजनिक गरेको पाईएन,
- भौतिक पूर्वाधारको मापदण्ड तयार गरी कार्यान्वयन गरेको पाइएन,

- सामाजिक सम्पती सँरक्षणप्रती जनचासो भएको पाइदैन,यस तर्फ स्थानिय तहले कडा व्यावहार अवलम्वन गर्नु पर्दछ,
- वार्षिक समिक्षा गोष्ठीमा लक्षितवर्गको सहभागिता किन कम भइरहेको छ,
- समुदायले लक्षित केन्द्रत कार्यक्रमको लागी स्पष्ट योजना नै निर्माण गर्न सकेको छैन, तसर्थ सो सम्बन्धि योजना र वजेट कार्यान्वयनको अवस्था नाजुक छ,
- वार्डमा सडक निर्माणमा मात्र केन्द्रित तथा सडक निर्माणमा सर्वसहमती अन्य योजना छनौट र वजेट विनियोजनमा नमिल्ने किन ?
- स्थानीय तहले आवधिक योजना निर्माण गरी योजना कार्यन्वयन गराउदा उपयुक्त हुने देखिन्छ।
- योजना तर्जुमा प्रक्रियामा लक्षितवर्गको सहभागिता यथोचित हुन सकिरहेको छैन यसलाई व्यवस्थित गर्न संयन्त्र हुनुपर्‍यो,
- वार्डहरुलाई पालिकासंगको सार्वजनिक यातायात सञ्जालमा जोड्न तत्काल निश्चित मापदण्ड तयार गर्नु पर्ने ।

❖ **स्वास्थ्य संस्था प्रती :–**

**सबल पक्षहरु :**

- वार्ड नं. २ र ७ मा रहेका क्रमश २ र १ सामुदायिक स्वास्थ्य इकाईको सेवामा प्रभावकारिता रहेको,
- गााउघर क्लिनिकको प्रभावकारीता रहेको,
- खोपकेन्द्रको प्रभावकारीता रहेको
- मासिक सरदर १९७ जनाका दरले सेवा लिएका ।
- स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको उपस्थितीमा उपयुत्त नै सेवा प्रात्त गर्न पाइएको छ,
- स्थानिय तहमा रहने महिला स्वयं सेविकाद्धारा उपयुत्त नै सेवा प्रात्त भएको छ,

**सुधार गर्नु पर्ने पक्षहरु :**

- निशुल्क औषधि वितरण के के हुन्छन जनतामा आम जानकारी न्युन छ, स्वास्थ्य संस्थामा अंग्रजीमा सो को विवरण हुन्छ, धेरैले त्यो थाहा पाउदैनन्, थाहा पाएकाले बताउदैनन्,
- निशुल्क औषधि मागअनुसार वितरण न्यून छ,

- आर्थिक पक्षको सार्वजनिकिकरण भएको पाइदैन,
- स्वास्थ्य चौकीबाट उत्पन्न फोहोरको उपयुक्त व्यावस्थापन गरेको पाइदैन, स्वच्छ, स्वस्थ्य र सरसफाइ सिकाउने स्थल नै अव्यवस्थित भएमा समुदायले के अनुशरण गर्ने,
- सुरक्षित मातृत्व सेवा आम जनताको पहुँचमा पूर्ण सुनिश्चित गराउनु पर्ने दायित्व कस्को हो,
- महिला स्वयँसेविका स्थानीय बजार केन्द्रित रहदा स्थानीय क्षेत्रमा दैनिक प्राप्त गर्नु पर्ने सेवाबाट स्थानीय बञ्चित छन् यसलाई सुधारको आवश्यक छ,
- म.स्वा.से. र बालसहयोगी कार्यकार्ता र शिक्षक एकै व्यक्ति रहेकोमा यसलाई सुधारको लागि निश्चित मापदण्ड आवश्यक,,
- खन मरेङ्गका स्वास्थ्य कार्यालयमा कर्मचारी अभाव कहिले सम्म,
- स्वास्थ्य संस्थाहरुको समस्या विश्लेषण गरि स्वास्थ्य संस्थामा हुने विरामीको फ्लो अनुसार विभिन्न सेवा सुविधाको व्यवस्था तत्काल गर्नु पर्ने ।

❖ **शिक्षण संस्था प्रती :–**

**सबल पक्षहरु :**

- विद्यालयमा जंक फुड निषेध गरि बालबालिकाको स्वास्थ्य र विद्यालय स्वस्थ्य वातावरणमा जोड दिइएको,
- बालविकास र कक्षा एकको शिक्षण सिकाई अंग्रेजी माध्यमद्धारा सञ्चालन गरि जनचाहना सम्वोधनको प्रयास शुरु गरिएको,
- सघन निरिक्षण कार्यक्रममा जोड दिई शिक्षण सिकाईलाई गुणस्तरीय बनाउन शुरु गरिएको ।
- शिक्षकको आचारसंहिता पालनामा जोड दिइएको,
- शिक्षाको गुणस्तरलाई माथि उठाउन वडागत अर्न्तक्रिया गरिएको,
- शिक्षण सुधार योजना र विद्यार्थी सिकाई सुधारका लागि नियमित प्र.अ. वैठक तथा अर्न्तक्रियालाई निरन्तरता दिइएको,
- शुक्रबारे अतिरिक्त क्रियाकलापलाई विद्यालयहरुले अभिन्न अंगको रुपमा लिदै आएको ।

**सुधार गर्नु पर्ने पक्षहरु :**

- विद्यालयको भौतिक पूर्वाधारमा सुधार गर्नु पर्ने,

- शिक्षक विद्यार्थी कर्मचारी आचार संहिता पालनामा सरोकारवाला क्रियाशिल हुनु पर्ने,
- सामूदायिक विद्यालयमा जागीर, बोर्डीङ्ग स्कूलमा आफ्ना छोरा छोरी पढाउने अनि विद्यालयमा के पढाइ होला, यसले कस्तो गुणस्तरको अपेक्षा गर्ने ?
- सरोकारवालाहरु शैक्षिक सुधारमा एकमत हुनु पर्ने,
- अभिभावक सशक्तिकरण तथा विद्यालयसंग सम्वन्धित समितिहरु शैक्षिक विकासमा सक्रिय हुनु पर्ने,
- सरोकारवालाद्धारा विद्यालयमा आधारित सुपरिवेक्षण प्रकृयामा सम्लग्न हुनु पर्ने,
- विद्यालयको अध्ययन विश्लेषण गरि दरवन्दि मिलान तथा विद्यालय समायोजन प्रकृयाको थालनी गर्नु पर्ने,
- स्रोत व्याक्तीहरुद्धारा सम्बन्धित विद्यालयमा प्रदान गरिएको पृष्ठपोषण व्यवस्थापन समितिमा जानकारी नहुनु,
- पालिकाद्धारा शैक्षिक सुधारकालागि नीति तथा कार्यक्रममा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्ने,
- विद्यालयको आय व्ययलाई पारदर्शी बनाउनु पर्ने,
- पछाडी परेका वा पारिएका विद्यार्थीहरुलाई शिक्षाको मूल धारमा ल्याउन पालिकाद्धारा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

❖ **विषयगत कार्यालय प्रती :–**

**सबल पक्षहरु :**

- स्थानीय लाभान्वित समुहको आवश्यक्ता र जैविक विविधताका आधारमा कार्यक्रम सञ्चालन गरिनु,
- कृषकहरुलाई अनुदान र पुरस्कारको व्यवस्था गरिनु,
- कृषि शाखाद्धारा बीउबिजन तथा भेटनरी शाखाद्धारा नश्ल सुधारका लागि नमुना कृषकलाई अनुदान र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनु
- उन्नत खेती प्रती आकर्षण रहेका कृषक समुहलाई आवश्यक्तामा आधारित गोष्ठि तथा तालिमको व्यवस्था गरिनु ।

**सुधार गर्नु पर्ने पक्षहरु :**

- कृषि तथा भेटनरीसंग सम्बन्धित सेवा जनताको चाहनामा प्राप्त गर्न नसकिएकोले यसलाई परिवर्तन गर्नु पर्ने,
- औषधीहरुको प्रयाप्ततालाई समस्या विश्लेषण गरि पालिका अगाडी बढ्नु पर्ने,
- आम नागरीक द्वारा कृषि तथा भेटनरी प्राविधिक को खोजी नभएकोले प्राविधिकको महत्वलाई सरोकारवाला समक्ष पुऱ्याउन तत्काल पहल गर्नु पर्ने,
- कृषि तथा भेटनरीसंग सम्बन्धित सेवाहरुको सन्दर्भमा उपभोक्ताहरुलाई सूसुचित गराउनु पर्ने,
- प्राविधिक स्थानीय तहमा भएता पनि जनताले खोजी नगरेकाले यस प्रति ठोश कदम चाल्नु पर्ने,
- हंसपुरबाट कृषि सेवा केन्द्र पालिका केन्द्रित हुँदा स्थानीय नागरिकको पहुँचमा कृषि सेवा नरहेकोले यसको वैकल्पिक व्यवस्था गर्नु पर्ने,
- प्राविधिक सहयोग लिने बानीको विकास स्थानीय बासिन्दामा विकास गराउनु पर्ने ।

❖ **गैसस प्रती :–**

**सबल पक्षहरु :**

- अधिकांश गैससहरुले स्थानीय तहसँगको समन्वयमा गैससको कार्य हुनु,
- गैससद्वारा चेतनामूलक तथा आयआर्यजनमा वृद्धी गर्ने कार्य सहकार्यमा सञ्चालन हुदै आएको।
- स्थानीय तहको अभियानमा गैससद्वारा समन्वय र सहकार्य रहनु ।

**सुधार गर्नु पर्ने पक्षहरु :**

- गैससहरुको कार्यपद्धतीलाई पारदर्शी बनाउनु पर्ने,
- गैससहरुको कार्य आस्थामा आधारित नरही स्थानीय तहको आवश्यक्तामा आधारित रही सञ्चालनमा ल्याउन सहजीकरण गरिनु पर्ने
- गैससहरुको कार्यलाइ एकद्धार प्रणाली मार्फत सँचालन गरि कार्यमा हुन सक्ने दोहोरोपन लाइ न्यूनिकरण गरिनु पर्ने,
- गैससको कार्यद्धतीमा यथार्थ धरातलमा रही वास्तवीक लक्षित समुह केन्द्रित बनाउदै लैजानु पर्ने,

- गैससहरुले आमजनसमुदायका लक्षितवर्गलाइ आ आफ्नो अधिकार प्रती सजग गराउदा उक्त वर्गको दायित्व र कर्तव्य प्रती पनि सजग गराउनु पर्ने देखिन्छ।

२. गैससको तर्फबाट आएका प्रतिक्रियाहरु :–

- गैससबाट राम्रै काम गर्ने अभिप्रायले कार्यक्रम कार्यान्वयन गर्न खोज्दा कतिपय सरोकारवाला निकायबाट कति डलर आएको छ त्यसैलाई सक्न आएका सोही अनुसार प्रश्नहरु राख्ने प्रचलन रहेको छ यस्ता समस्या समाधान गर्न स्थानीय तहको समन्वयमा पारदर्शिता र जवाफदेहितामा जोड दिनु पर्ने हुन्छ,
- गैससहरुले कार्यक्रम आस्थामा आधारित रहेको धारणालाई आमुल परिवर्तनका लागि पालिकाको समन्वयमा आमसमुदायमा रहेको यो मान्यतालाई परिवर्तन गर्न सवै गैससहरु प्रतिवद्ध हुनुपर्दछ,
- स्थानीय तहले गैससको कार्यमा तथा गैससले स्थानीय तहको कार्यमा समन्वय गर्दै कार्यक्रम संचालन गरेमा कार्यक्रम उपयुक्त तथा लाभप्रद हुने ।
-

३. सरकारी निकायबाट आएका प्रतिक्रियाहरु :–

- कृषि तथा भेट्नरी शाखाद्धारा सम्बन्धित सरोकारवालाहरुलाइ सेवा प्रदान गरेको भएतापनि छलफलमा ती सेवाग्राही नभएकोले यस कार्यालयप्रति सकारात्मक सन्देश प्रवाह गर्न सकेनन् आगामी दिनमा आमसंचारको सदुपयोग गरी कार्यक्रम संचालन गरिनेछ,
- शिक्षा कार्यालयले अनुगमन र सुपरीवेक्षणलाई चुस्त बनाउँदै विद्यालयमा हुनसक्ने सबैखालका विभेदिकरणको अन्त्य गर्ने तथा दरबन्दि मिलान तथा विद्यालय समायोजन प्रकृयालाइ विषयगत रुपमा आगामी दिनहरुमा लगिनेछ,
- सवै सामुदायिक विद्यालयमा बालविकास र कक्षा एक सम्म अंग्रेजी माध्यमद्धारा शिक्षण प्रकृयामा आवश्यक सामग्री तथा शिक्षक तालिमलाई मागमा आधारित रही सञ्चालन गरिनेछ,
- सघन निरिक्षण कार्यक्रममा जोड दिई शिक्षण सिकाईलाई गुणस्तरीय बनाउन सरोकारवालाको समन्वयलाई निरन्तरता दिइनेछ,
- शिक्षकको आचारसंहिता पालनामा तथा शिक्षण सुधार योजना र विद्यार्थी सिकाई सुधारका सरोकारवाला निकायको समन्वयमा निरन्तरता दिइनेछ,

- शिक्षाको गुणस्तरलाई माथि उठाउन वडागत अर्न्तक्रिया तथा अभिभावक सशक्तिकरण कार्यलाई निरन्तरता दिइनेछ,
- स्वास्थ्य कार्यालयले स्थानीय निकायमा गैरकानूनी रुपमा संचालित औषधीपसलहरुको सम्बन्धित निकायको सहकार्यमा अनुगमन गरी त्यस्ता पसलहरुलाइ बन्द गरिनेछ,
- निश्चित मापदण्ड तयार गरि महिला स्वयं सेविकाको दोहोरो कार्यलाई निरुत्साहित गरिनेछ,
- आम समुदायको मागलाई सम्बोधन गर्दै स्थानीय तहमा आम समुदायको पहुँचमा बर्थिङ्ग सेण्टरको स्थापना र विस्तार गरिँदै आएको छ,
- स्वास्थ्य कार्यालयमा रहेको कर्मचारी अभावलाई सम्वन्धित निकायको समन्वयमा तत्काल आपूर्तीको लागि पहल गरिनेछ,
- स्वास्थ्य संस्थाको समस्या विश्लेषण गरि विरामीको फ्लो अनुसार आवश्यक सेवा सुविधाको व्यावस्था गरिनेछ,

४. स्थानीय तह गाँउपालिकाको कार्यालयबाट आएका प्रतिक्रियाहरु :—

- सबै योजनाहरुको स्थलगत अध्ययन अनुगमन गर्न कठीनाइ भएको,
- दोहोरो अनुगमनले कार्यपद्धतीमा जवाफदेहिता वृद्धी भएकोले यसलाई सकारात्मक रुपमा लिने बानीको विकास गर्नु पर्नेमा जोड,
- कार्यविधिले तोके अनुसार बजेट विनियोजन गरिएतापनि कार्यान्वयन प्रकृयामा उपभोक्ता समिति जवाफदेही नबन्दा कार्य सम्पादन ग्र्न समस्या उत्पन्न,
- बजेट विनियोजन गर्ने समयमा सबै पक्षबाट माग भएता पनि सम्बन्धित पक्षको कार्यावयन प्रकृयामा ढिलासुस्ती रहेको छ,
- नागरिकका चाहना बढी तथा सिमित स्रोत साधनमा जनताको माग पूर्ण गर्न नसकिएको,
- स्थानीय तहको भूगोल ठूलो तथा छरिएर रहेको वस्ती रहेकोले विकासमा चुनौतीपूर्ण रहेको ।

## ५. जनप्रतिनिधिबाट आएका प्रतिक्रियाहरु :–

- ग्रामिण इलाकामा मदिरा जन्य र औषधी पसल जसले जहा राखी बिक्री वितरण गरे पनि हुने तथा यस प्रती सम्बिन्धित निकायको ध्यान पुग्न नसकेकोले यसको निराकरण तर्फ हामी सवै समयमा नै सजग हुनै पर्दछ,
- ग्रामिण क्षेत्रको शिक्षाको स्तरलाइ समय अनुसार सक्षम बनाउन गाँउपालिका स्तरीय शिक्षा समिति क्रियाशिल हुनै पर्दछ,
- राष्ट्र र राष्ट्रीयतालाइ ध्यानमा राखी नेपाली जनताको धर्म सस्कृती संरक्षण गर्दै गैर सरकारी संघ सस्थाहरुले कार्य गर्नुको साथै स्थानिय निकायसंग सहकार्य गर्दै पारदर्शिता र जवाफदेहितालाइ कायम गर्नु पर्दछ,
- सामाजिक परिक्षणद्धारा उठाइएका विषयवस्तु गहन छन् सम्वन्धित विषयगत शाखा तथा निकायले कार्यान्वयनमा जोड दिनु पर्दछ,
- जनताको चाहना बढी तथा स्थानीय तहको वजेटको सिमा कम भएकैले जनगुनासा स्वाभाविक नै हो,
- कुनै पनि कार्यलाइ कार्यान्वियन प्रक्रियामा लैजादा स्वाभाविक रुपमा स्थानीय तहका सवै विषयगत कार्यालय र जनप्रतिनिधी प्रती कमेण्ट आउनु स्वाभाविक नै हो,
- वार्ड तहमा सुशाशनको अवस्थाको सर्न्दभमा आमसमुदायले अनुभुती गर्न स्वाभाविक रुपमा पाएका छैनन्,
- नमुनाको रुपमा दुई वार्डमा मात्र गरिएको यो अध्ययन परिक्षण यस गाँउपालिकाको सवै वार्ड तहका आमसमुदायसंग छलफल गरिएको भए जनताले अनुभुती गरेको वास्तविक अवस्था यहां उल्लेख गरिए भन्दा धेरै नै कमजोर आउने थियो,
- स्थानीय तहले कसरी कुन निकायले योजना कार्यान्वयन गर्दै आएको छ योजना प्राथमिकीकरणको आधारमा कसरी बढी भन्दा बढी कार्यान्वयन गर्न सकिन्छ यस प्रती सवै जनप्रतिनिधी सजग हुनु पर्दछ,
- यो अध्ययन परिक्षण दुई वार्डको मात्र भए पनि हामीले यस अध्ययन प्रतिवेदनलाइ यस स्थनीय तहको सवै वार्डको प्रतिनिधीत्व गरेको मान्यता रहेको छ,

- यो अध्ययन प्रतिवेदनले दिएको मार्गदर्शन तथा सुझावहरु कार्यान्वयन गर्न तर्फ हामी सबै सजग भएमा आगामी दिनहरुमा यहां उल्लेख गरिएका कमीकमजोरीहरु दोहोरिने थिएन,
- विषयगत शाखाप्रती प्रतिवेदनमा, आमसमुदायको प्रतिक्रिया प्राय सन्तोषजनक नरहेकोले यस प्रती जनप्रतिनिधिहरु यो प्रतिक्रिया आउनुको कारणको सर्न्दभमा सजग रही विषयगत शाखाको कार्यप्रती सजग रही सुशाशनलाइ स्थानिय स्तरमा लैजान पहल गर्न तर्फ अग्रसर हुनुपर्दछ,
- जनप्रतिनिधीद्धारा आ–आफ्ना वडामा रहेका योजना कार्यान्वयन तथा पारदर्शिता कायम गर्न गराउनकोलागी क्रियाशिल हुनै पर्दछ,
- जनप्रतिनिधीद्धारा आ–आफ्नो वार्डको वार्ड कार्यालयलाई सुशासन तर्फ अग्रसर बनाउन जवाफदेहि तरिकाले क्रियाशिल हुर्न पर्दछ,
- जनप्रतिनिधीद्धारा आ–आफ्ना वार्डमा रहेका सबै जनताहरुको मागलाइ सम्बोधन गर्न तथा जनगुनासाहरु मेट्न प्रतिवद्ध रहनेछौ ।

## ६. गोष्ठीका प्रमुख अथिति तथा पालिका प्रमुखद्धारा आएको प्रतिक्रिया :–

- यो अध्ययन परीक्षण समय सान्दर्भिक छ,
- योजना तर्जुमा देखि योजना प्रभाव मुल्यांकनसम्म अध्ययन गरिएको भए राम्रो हुने थियो,
- सम्बन्धित निकायहरुले स्थानीय तहले अवलम्बन गर्नुपर्ने सबै तथ्यहरुलाइ मार्गनिर्देशन सुझाव प्रदान समय समयमा गर्नुपर्दछ,
- सबै जनप्रतिनिधी, संघसंस्था तथा सरोकारवालाहरु सबै सहकार्य र एकतामा कार्यक्रम कार्यान्वयन गरेमा सामाजिक सुशासन प्राप्त गर्न सकिन्छ,
- लक्षित तर्फका सबै पक्षहरुको खोजतलास गर्नु राम्रो छ, समयसापेक्ष रुपमा यसलाइ सुधार गर्दै लैजानु पर्दछ,
- अध्ययनले मालारानी गाँउपालिकाको यथार्थ अवस्था विशलेषण गरेकोले सो अनुसार जनप्रतिनिधीहरुले कार्य पद्धतीमा सुधार ल्याउनु आवश्यक छ,
- अध्ययन प्रतिवेदनद्धारा प्राप्त नतिजा तथा सुझावको आधारमा गाँउपालिकाले आफ्नो कार्य पद्धती अगाडी बढाउदै सामाजिक सुशासन कायम राख्नमा पहल गर्नेछ ।

- विषयगत कार्यालयमा एक जनाले योजना प्राथमिकीकरण गर्ने, छनौट गर्ने, कार्यान्वयन गर्ने, सुशाशन र जवाफदेहिताको क्षेत्रमा पनि कार्य गर्दै विभिन्न निकाय संग समन्वय र सहकार्य गर्नु पर्ने बाध्यत्मक अवस्था रहेकोले कुनै पनि कार्यलाई जनचाहना अनुरुप संचालनमा स्वाभाविक रुपमा समस्या आएको छ,
- जननिर्वाचित समुहले आफै स्वयं आफै तर्फ फर्किएर आफ्नो कार्यमा सुधार गरेमा स्थानीय तह अनुदान कार्यविधीलाइ कार्यान्वयन गर्न सहज वातावरण प्राप्त हुन्छ,
- पालिकाद्धारा वार्ड तहमा कार्यान्वयन हुदै आएका योजना कार्यान्वयन तथा आवश्यक छलफलका लागि रकम विनियोजन गरेको छ सो लाई आधार मानि अनुगमन तथा सम्वन्धित क्षेत्रको समस्यालाई समाधान गर्न तर्फ वार्ड तहको संयन्त्र क्रियाशिल हुनु पर्दछ,
- पालिकाद्धारा विभिन्न सञ्जाल निर्माण गर्दै आएको छ सो सञ्जालमा आवद्ध रही कार्य पद्धतीलाई अगाडी बढाइनेछ,
- पालिकाले सहकारीलाई प्राथमिकतामा राखेकोले सहकारीको सञ्जालमा आवद्ध रही बेरोजगार तथा विदेश पलायन युवालाई स्थानीय तहमा क्रियाशिल रहने वातावरण सृजना गरिनेछ,
- लागत साझेदारीमा आमसमुदायलाई पालिकाद्धारा सेवा सुविधा उपलब्ध गराइने पद्धतीको विकास गरिनेछ,
- कार्यक्रमको प्रभावकारिता तथा दिगोपनाको लागि वार्ड तहमा पनि पालिका स्तरीय संयन्त्रद्धारा अनुगमन सुपरिवेक्षण तथा मार्गनिर्देशन प्रदान गरिनेछ यसलाई सकारात्मक रुपमा लिनको लागि आग्रह छ ।

न) सामाजिक परीक्षणको क्रममा आएका मुख्य सुझावहरु :–

- यो क्रममा सबै तह, जात जाति, वर्ग क्षेत्र, लिंगका समुदायलाइ समेट्नुपर्ने,
- सामाजिक परीक्षण हुनु अघि, सरकारी क्षेत्रको रकम कुन क्षेत्रमा र कसरी खर्च भइरहेको छ भन्ने बारेमा सबै सरोकारवालालाइ पुर्व जानकारी हुनुपर्ने,
- सबै विषयगत शाखाहरुको अध्ययन नगरी कुनै निर्धारित क्षेत्रमा मात्र परीक्षण गरिनुपर्ने,
- स्थानीय तहका सबै योजनाहरु लगायत बाह्य सहयोगबाट संचालित सबै योजनाहरुको आम समुदायको पहुँचमा छलफल संचालन गरिनुपर्ने,

- प्राविधिक पक्षको परीक्षण गर्दा विज्ञहरु सोही अनुसार नियुक्त हुनुपर्ने ।

**ट) सामाजिक परीक्षण गर्दाका समस्याहरु :–**

- सबै विषयगत कार्यालयहरुको एकै पटक अध्ययन परीक्षण गर्न कठीनाइ,
- सिमीत स्रोत र साधनले अध्ययन परीक्षणमा समस्या,
- स्थानीय तहका सबै आम समुदायसँग छलफल प्रकृया पुर्‍याउन नसकिएको,
- स्थानीय तहमा आवश्यक तथ्यांक व्यवस्थित नगरिएकोले तथ्यांक प्राप्तिमा समस्या उत्पन्न ।

**ठ) मुख्य सिकाईहरु :–**

- आम समुदायको धारणा प्राप्त गर्न स्थानीय जनताहरुको पहुँच भएको स्थानमै छलफल कार्यक्रम संचालन गर्नुपर्ने,
- स्थानीय तहमा उपलब्ध अभिलेखहरुको पुर्ण अध्ययन पश्चात छलफल कार्यक्रमलाइ संचालन गर्नुपर्ने,
- सरोकारवालाहरुसँगको छलफल फलदायी बनाउन स्थानीय संचारको माध्यमलाइ उपयोग गर्नुपर्ने,

**७) स्थानीय तहको नाम : मालारानी गाँउपालिका, खनदह, अर्घाखाँची**

विकासका साझेदार तथा अन्य सम्पूर्ण सरोकारवालाहरुको, समन्वय र साझेदारी मार्फत

***"कृषी पशुपालन पर्यटन विकासको पूर्वाधार,***

***प्रविधी हस्तान्तरण र सहकारी समृद्ध मालारानीको मूल आधार"***

लक्ष्य लिई निम्नानुसारका उद्धेश्य,नीति तथा रणनीति अवलम्वन गर्दै मालारानी गाँउपालिका अगाडी बढेको छ छ :

**उद्धेश्य :**

- सामाजिक, आर्थिक विकासलाई एकद्वार प्रणाली मार्फत अगाडि बढाउने,
- सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गरी विकासका कार्यमा दोहोरोपना कम गर्ने तथा पारदर्शीता अभिवृद्धि गर्ने,

- विभिन्न प्रकृतीका सामाजिक अभियानका माध्यमद्धारा लैगिंक समानता तथा सामाजिक समावेशीकरणमा अभिवृद्धि गर्ने,
- सामाजिक परिचालनको माध्यम र सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको माध्यमलाई अवलम्बन गरि समूदायको आवश्यकता र मागको उचित संवोधन गर्ने वातावरणको सृजना गर्ने
- दीगो विकासको लागि स्थानीय स्रोत, साधनको पहिचान, व्यवस्थापन र समूचित प्रयोग मार्फत आन्तरिक आम्दानीमा वृद्धि गर्ने ।

प्रमुख नीति :

- आम नागरिकहरुबाट छानिएका योजना तथा कार्यक्रमहरुलाई नै कार्यान्वयनमा लैजाने,
- आम नागरिकको सोच तथा प्राथमिकतालाई सकारात्मक दिशातर्फ लैजाने कार्यमा जनप्रतिनिधीले अगुवाई गर्ने,
- आयमूलक तथा सीपमूलक योजना तथा कार्यक्रम र क्रियाकलापहरुलाई विशेष प्राथमिकता दिने,
- योजना तथा कार्यक्रमहरुमा आम जनसमुदायको स्वामित्व स्थापित गर्नको लागि योजना तर्जुमाका सबै चरणहरु पूर्ण रुपमा पालना गर्ने,
- स्थानीय स्रोत साधनको परिचालन, जनश्रम परिचालन तथा स्थानीय निकायको आय वृद्धिलाई उच्च प्राथमिकता दिने,
- योजनालाई प्रक्रियागत रुपमा ठोस उपलब्धि हासिल् गर्ने परम्परा बसाल्न सवै जनप्रतिनिधीसंग सहकार्य गर्ने,
- अनुगमन तथा मूल्यांकन प्रणालीलाई वहुआयामिक, समन्वयमूलक र प्रभावकारी बनाउने,
- भौतिक विकास निर्माणका कार्यहरु गर्दा वातावरण व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्ने,
- विकास निर्माणका कार्यहरु गर्दा अधुरा योजनालाई प्राथमिकता दिदै अधुरा योजना सम्पन्न भएपछि मात्र अन्य नयां योजना छनौट गर्ने तर्फ सवै संग सहकार्य गर्ने,

- मानव संशाधन विकास तथा संस्थगत क्षमता विकासलाई प्राथमिकता दिने,
- लैगिंक समानता, समावेशीकरण, युवा तथा वालबालिकाहरुलाई विशेष प्राथमिकता दिने

रणनीति :

- स्थानीय तहको उद्धेश्य, नीति तथा मार्गदर्शनलाई कार्यान्वयन तहमा पुऱ्याउन कुनै रणनीति तयार गरी अभिलेखिकरण गरेको देखिएन,

**सँस्थाका राम्रा अभ्यास :**

- सामाजिक परिचालनको कार्यलाई सशक्त बनाई योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गरिएको,
- स्थानीय समुदायको आवश्यक्ता तथा अवस्था विश्लेषणको आधारमा एक गाँउ एक उत्पादनमा जोड दिईको,
- स्थानिय तहका कार्यक्रममा लक्षित वर्गको प्रतिनिधित्वलाई अनिवार्यतामा जोड दिन थालिएको,
- यहा संचालित सबै योजनाहरुको अनुगमन समितीको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र भुक्तानी दिने प्रचलनको सुरुवात गरिएको,
- योजनाहरुको कार्यान्वयन तथा पारदर्शितामा लक्षित वर्गको सहभागितालाई प्राथमिकता प्रदान गरिएको,
- योजनको अनुगमनलाई दोहोरो (वार्ड तह तथा पालिका तह) पद्धतीमा विकासले योजनको प्रभावकारिता वृद्धी भएको,
- समाजिक विकृती तथा सामाजिक समावेशीकरणका लागि अभियानमुलक कार्य सञ्चालन गरिदै आएको ।

**संस्थाको आगामी योजना :**

- सहकारीको माध्यमद्धारा कृषि तथा पशुपालन व्यवसायको व्यवसायिकरण तर्फ कार्य गर्ने,

- अधुरा योजनाहरुलाई निरन्तरता दिदै त्यस्ता योजना सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिने,
- निर्माण भएका सडकहरुको स्तरोन्नति गर्ने तथा सवै वार्डहरुलाई पालिकासंग सार्वजनिक यातायातको सञ्जालमा जोड्ने,
- विद्युतिकरणलाइ सवै वार्ड तथा घरहरुमा पुर्‍याउने कार्यमा जोड दिने,
- युवा, वालवालिकाको क्षेत्रलाई विशेष प्राथमिकता दिई कार्यक्रमलाई अगाडि बढाउने,
- विभिन्न क्षेत्रको लागि गठित सञ्जालको सदुपयोगद्धारा समुन्नत मालारानीको आधार तयार गर्ने,
- अभियानात्मक कार्यद्धारा सामाजिक विकृती र सामाजिक समावेशीकरणलाई निरुत्साहित गर्ने,
- सरोकारवाला निकायसंगको सहकार्यमा मालारानी गाँउपालिकामा एकद्धार प्रणाली मार्फत कार्यपद्धतीको विकास गर्ने,
- मालारानीको श्रोत पहिचान र परिचालनमा सरोकारवाला निकायको समन्वय र साझेदारीमा कार्य सञ्चालन गर्ने,

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- स्थानीय तह सम्वन्धि कानुन तथा नीतिगत व्यावस्थाको पूर्ण जनकारीको अभावमा काम चलाउ कार्य सञ्चालन,
- ठूलो भूगोल तथा सिमित स्रोत साधनमा जनताका चाहना पुरा गर्न खोज्दा टुक्रे योजना सञ्चालन,
- विषयगत दक्ष न्यून जनशक्तिको कारण कार्यक्रमलाई प्रभावकारी बनाउन कठिनाई उत्पन्न,
- सवै योजनाहरुको एकै पटक अनुगमन सञ्चालन हुदा योजनाहरुको अनुगमन सुपरिवेक्षण गर्नमा समय अपुगले कठिनाई उत्पन्न,
- स्थानिय संयन्त्रले अनुगमन प्रक्रियालाइ महत्व प्रदान नगर्दा योजनाको पारदर्शितामा समस्या उत्पन्न ।

**भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु :**

- समुदाय तथा उपभोक्ता समितिलाई सशक्तिकरणका कार्यक्रम संचालन गरी स्थानिय स्तरमा संचालन हुने कार्यक्रम प्रभावकारी तथा पारदर्शी बनाउदै लैजानु पर्ने,
- लक्षित वर्गलाइ सशक्तीकरण गर्दै योजना लक्षित वर्गकै सहभागितामा प्राथमिकीकरण गरी कार्यान्वयन गरिनु पर्ने,
- योजनाहरुमा पारदर्शिता र जवाफदेहितालाई कायम गर्न सम्बन्धित सेवाग्राही समक्ष नै प्रकृयागत सार्वजनिक परिक्षणको कार्यलाई कार्यान्वयन गर्ने,
- सामाजिक कार्यको गुणस्तर खस्कदो भएको कारण यसलाई सुधार गर्नको लागि सरोकारवाला कार्यालयले स्थानीय स्तरमा नै ठोस नीतिहरु निर्माण गर्दै गुणस्तरको अवस्थालाई राम्रो बनाउने कार्य गर्न तर्फ आगामी दिनमा अगाडि बढ्नु पर्ने,
- स्थानीय तहमा अवस्था विश्लेषण गरि सो को आधारमा योजना स्विकृत तथा कार्यन्वयन गर्ने पद्धतीको विकास गरिने,

सामाजिक परीक्षकको नाम : सुरज शारु /नविन के.सी.

दस्तखत :

मिति : २०७४।०७।२९

## ८.मालारानी गाँउपालिकाका विषयगत शाखा :–

यस गाँउपालिका तहमा रहेर सञ्चालित विभिन्न विषयगत शाखाहरु शिक्षा,स्वास्थ्य, कृषि, पशु आदि जस्ता कार्यालयले पनि मालारानी गाँउपालिकाद्धारा लिइएको लक्ष्यलाई प्राप्त गर्न निम्नानुसारका लक्ष्य, उद्धेश्य तथा रणनितिहरु निर्माण गरि कार्य गरिरहेका छन् जसको विवरण तल प्रस्तुत गरिएको छ :

**लक्ष्यहरु :**

- सर्वसाधारण जनताको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गर्ने,
- सवै बालबालिकालाइ गुणस्तरीय शिक्षाको पहुंचमा पुऱ्याउने,
- उन्नत तथा वैज्ञानिक पद्धतीमा आधारित कृषि तथा पशुपालन पद्धतीमा वृद्धी गर्ने ।

**गत वर्ष भोगेका समस्याहरु :**

- कार्यालयमा कर्मचारीको अभावमा प्रभावकारी कार्य सम्पन्न गर्न नसकिएको,
- प्राविधिक स्थानीय तहमा रहे पनि आम समुदायद्धारा प्राविधिक खोजी नभएको,
- पानीको समस्याले सरसफाइको गुणस्तर कायम हुन नसकेको,
- समया दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्य गर्न नसकिएको,
- राष्ट्रसेवक कर्मचारी शिक्षकका सन्तती नीजि विद्यलायमा अध्ययन गरिरहनु,
- पुर्व प्राथमिक तहमा भौतिक सामग्रीको अभाव,
- शैक्षिक सुधारको लागि सरोकारवालाको उदासिनता रहेको,
- संस्थागत भौतिक सुधारको निमित्त बजेटको अभाव,
- प्राविधिक विषयलाई जनचाहनामा बुझाउन कठिनाई रहेको ।

**सुधारको लागी चाल्नुपर्ने कदमहरु तथा सुझाव :**

- सरोकारवाला निकायसंगको समन्वयमा कर्मचारी आर्पूती गर्नु पर्ने,
- आमसमुदायलाई प्राविधिक खोज्ने वातावरण सरोकारवालाद्धारा निर्माण गर्नु पर्ने,
- खानेपानीको व्यवस्था मिलाउन सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गर्नुपर्ने,
- सरोकारवालाको समन्वयमा सामाजिक अवस्था विश्लेषण गरि दरबन्दी मिलान तथा विद्यालय समायोजन प्रकृया अगाडी बढाउनु पर्ने,

- शिक्षक कर्मचारीका सन्ततीलाई नीजि विद्यालयमा अध्ययन अध्ययन गर्ने पद्धतीलाई निरुत्साहित गर्न ठोश नीति निर्माण र कार्यान्वयन गर्नु पर्ने,
- विद्यालयको भौतिक संरचना सुधारको लागि सम्बन्धित पक्षसँग पहल गर्नुपर्ने,
- आवश्यक भौतिक सामग्रीको व्यवस्थापन गर्नुपर्ने,
- निर्माण गरिएका नीति र योजनाहरुलाइ कार्यान्वयनमा ल्याउनको लागि सबै पक्षसँग सहकार्य र समन्वय गर्नुपर्ने ।

सामाजिक परीक्षकको नाम : सुरज शारु /नविन के.सी.

दस्तखत :

मिति : २०७४।०८।२३

**९. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु :**

- स्थानीय तहमा जनप्रतिनिधीहरु स्थानीय तहको चौतर्फी विकासकोलागी योजना प्राथमिकीकरण, छनौट तथा कार्यान्वयनमा एक जुट भई समझदारीसाथ अगाडी बढ्ने कार्यतर्फ अग्रसर भएको,
- स्थानीय तहबाट संचालित सबै योजनाहरुको अनुगमन समितीको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र भुक्तानी दिने प्रचलनको सुरुवात गरिएको,
- योजनाहरुको दोहोरो अनुगमन पद्धतीलाई कार्यमा जवाफदेहिताको विकास हुनु,
- सामाजिक परिचालनको कार्यलाई सशक्तबनाई योजना तर्जुमा, छनौट, कार्यान्वयन तथा पारदर्शिता र जवाफदेहितामा सबै वर्ग र क्षेत्रको सहभागितालाई प्राथमिकता प्रदान गर्न थालिएको,
- स्वास्थ्य संस्थाले गांउ घर क्लिनिकबाट प्रदान गर्ने सेवा प्रभावकारी रुपमा अगाडी बढिरहेको,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने प्राथमिक उपचार सेवा प्रभावकारी नै रहेको,
- बाल विकास र कक्षा एक सम्म अंग्रजी माध्यममा शिक्षण सिकाईले सामुदायिक विद्यालयतर्फ विद्यार्थीको आर्कषण वृद्धी,

- विद्यालयको अनुगमन प्रक्रियामा बढोत्तरीले शिक्षकहरुको विद्यालयमा हुने उपस्थितीलाई वृद्धी गर्न सक्षम भएको छ,
- लागत साझेदारी तथा सञ्जालीकरणको माध्यमद्धारा कार्य सञ्चालनले सहकारी पद्धतीको विकास हुदै गएको,
- सामाजिक विकृती न्यूनीकरण तथा सामाजिक समावेशीकरणका अभियानमुलक कार्यक्रमले समाजमा सकारात्मक सोचको विकास भएको,
- अवस्था विलेषण र जनसमुदायको आवश्यक्तामा आधारित योजना छनौट तथा कार्यान्वयनले योजना प्रति अपनत्वको भावनमा वृद्धी हुदै गएको ।

## १०. सामाजिक परीक्षणबाट देखिएको कमी कमजोरीहरु

- स्थानीय तहका सवै योजना सहभागितात्मक योजना तर्जूमा प्रक्रियाबाट प्राथमिकीकरण गर्दै छनौट, कार्यान्वयन गरी सुशाशन र जवाफदेहितामा आधारित रहि संचालन गर्नु चुनौती नै रहेको छ,
- स्थानीय तहले स्थानीय स्तरमा नै ठोस नीति, रणनीति,, उदेश्य र प्राथमिकता तोकी सामाजिक कार्यको गुणस्तर सुधार गर्न कदम चाल्नु पर्दछ,
- स्थानीय तहले वार्षिक समिक्षा मार्फत आएका विषयहरुको अभिलेखिकरण गरी सोही अनुसार कार्यपद्धतीलाई अनुशरण गर्न तर्फ अग्रसर हुनु पर्दछ,
- आवधिक योजना निर्माण गरी श्रोत पहिचान, योजना र वजेट विनियोजन गर्नु पर्ने देखिन्छ,
- स्वास्थ्य संस्थामा निशुल्क उपलब्ध औषधीको नाम अंग्रेजीमा नै हुने भएता पनि त्यसको नेपाली उच्चारण लेखि रणनीतिक स्थानहरुमा सार्वजनिक गर्नु पर्ने देखिन्छ,
- सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षक तथा कर्मचारीका सन्ततीहरुलाई सामुदायिक विद्यालयमा नै अध्ययन गराउन ठोस नीति तथा रणनीति निर्माण र कार्यान्वयन गर्नु पर्ने देखिन्छ,

- सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्न, आर्थिक पारदर्शिता कायम गराउन सरोकारवालाहरुद्धारा निर्मित नीति तथा रणनीतिलाई तत्काल कार्यान्वयन गर्नु पर्ने देखिन्छ,
- कृषि तथा पशुपालन सम्वन्धि उपलब्ध सेवाहरुलाई स्थानीय रणनीतिक स्थलहरुमा तथा वार्ड कार्यालयमा सेवा प्रदान गर्ने समय, स्थान, सर्म्पक शाखा वा व्यक्ति, सेवा र सुविधाहरु विवरण राख्नु पर्ने देखिन्छ,

**११. सामाजिक परिक्षणबाट प्राप्त स्थानीय तहलाई अवसरहरु :**

- स्थानीय तहमा सञ्चालन हुने सबै कार्यक्रमहरु सहभागितात्मक योजना तर्जूमा प्रक्रियाबाट प्राथमिकीकरण गर्दै छनौट भएका योजना तथा कार्यक्रमलाई नै पूर्णरुपमा केन्द्रित हुने कार्यको व्यवस्थापनलाई अझ बढि सशक्त बनाउन सकिने,
- योजनाहरुमा पारदर्शिता र जवाफदेहितालाई कायम गर्न सम्बन्धित सेवाग्राही समक्ष नै सार्वजनिक परिक्षणको कार्यलाई कार्यान्वयन गराउन जोड दिन सकिने,
- स्थानीय तहका सवै जिम्मेवार समुदायलाई सशक्तिकरणका कार्यक्रम संचालन गरी स्थानिय स्तरमा संचालन हुने कार्यक्रम प्रभावकारी तथा पारदर्शीता कायम गर्न सकिने,
- सामाजिक कार्यको गुणस्तर खस्कदो भएको कारण यसलाई सुधार गर्नको लागि गाँउपालिकाको कार्यालयले स्थानीय स्तरमा नै ठोस नीतिहरु निर्माण गर्न सकिने,
- स्थानीय तहमा शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रको विकासको लागि ठोस नीति, रणनीति, उदेश्य र प्राथमिकता तोकी सोही अनुसार कार्य अगाडी बढाउन सकिने,
- स्थानीय तहमाको बार्षिक कार्ययोजना तर्जुमा गर्दा पिछडिएको तथा पछाडी पारिएको समुह केन्द्रित कार्यक्रमलाई प्राथमिकता राखी सो समुहले विकासको मुलधार अनुभुती गर्न सक्ने,
- सुविधाबाट वञ्चित र पछाडी परेका वा परिएका समुह केन्द्रित कार्यक्रमहरु प्राथमिकतामा पार्नु पर्ने,
- कृषी, सहकारी,पर्यटन क्षेत्रको विकास गर्दै समृद्ध मालारानी निर्माणमा ठोश कदम अगाडी बढाउन सकिने,

- स्थानीय तहले सबै प्रकारका श्रोतको अनुमान गरी प्राप्त हुन सक्ने आयको अनुमान गरी सो अनुसार कार्यक्रम निर्माण तर्फ अग्रसर हुन सक्ने,
- स्वास्थ्य सस्थाबाट निशुल्क वितरण हुने औषधिको नेपाली उच्चारण लेखिएको फ्लेक्स स्वास्थ्य कार्यालय र रणनीतिक स्थलहरुमा राख्नु पर्ने,
- शिक्षकहरुको दरबन्दी मिलान तथा विद्यालय समायोजन गरि गुणस्तरिय शिक्षाको लागि अवस्था विश्लेषण गर्नु पर्ने,
- गैससहरुल स्थानीय तहसँग पूर्ण रुपमा समन्वय गरी कार्य अगाडी बढाई पारदर्शिता र जवाफदेहिता कायम गर्न,
- गैससहरुको कार्यलाइ एकद्धार प्रणाली मार्फत सँचालन गरि कार्यमा हुन सक्ने दोहोरोपनलाइ न्यूनिकरण गर्न,
- विषयगत कार्यालयको कार्यप्रति सकारात्मक सन्देश प्रवाह गर्न आमसंचारको सदुपयोग गर्न,
- स्थानीय तहद्धारा योजनाको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई गरे जस्तै अन्य सवै विषयगत कार्यालयहरुले पनि आ-आफ्नो कार्यालयद्धारा संचालित कार्यक्रम तथा योजनाहरुको सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्य गरि पारदर्शिता कायम गर्न गराउन,

**१२. सामाजिक परिक्षणमा देखा परेका चुनौतीहरु :**

- स्थानीय तहबाट परिचालन हुने कार्यक्रमप्रती जनचासो कम छ, जनताले कार्यक्रम र वजेटप्रती खोज तलास गर्ने बानी कम छ, यसलाइ समय सापेक्ष रुपमा प्रभावकारी परिवर्तन गर्न,
- सामाजिक सम्पती सँरक्षणप्रती जनचासो भएको पाइदैन,यसलाई प्रभावकारी रुपमा परिवर्तन गरि सामाजिक सम्पतीको संरक्षण तथा सम्वद्धन गर्न,
- समावेशी तर्फको वजेट कार्यान्वयन सिमित समुहको पंहुँचबाट आम लक्षित समुहमा पुऱ्याउन,

- विगतमा योजना प्राथमिकिकरण, छनौट तथा कार्यान्वयन पक्ष लगायत योजनाको दिगोपना र पारदर्शिताको सम्वन्धमा सिकेका पाठहरुको समिक्षा मार्फत आएका विषयहरुको अभिलेखिकरण गरी सोही अनुसार कार्य गर्न गराउन,
- ग्रामिण इलाकामा इजाजत विना मदिरा तथा र औषधी पसल सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गर्न तथा सञ्चालकलाई कानुनी दायरामा ल्याउन,
- स्वास्थ्य संस्थाबाट वितरण हुने निशुल्क औषधिको आमसमुदायमा जानकारी प्रवाह तथा सो सम्वन्धमा उपभोक्ताद्धारा खोज तलाश गर्ने बानीको विकास,
- सामूदायिक विद्यालयमा जागीर, बोर्डीङ्ग स्कूलमा आफ्ना छोरा छोरी पढाउने पद्धतीलाई पूर्ण बन्देज लगाउन,
- गैससहरुद्धारा आमजनसमुदायका अधिकार प्रती सजग गराउदा उक्त वर्गको दायित्व र कर्तव्य प्रती पनि सजग गराउनु पर्ने पद्धतीको विकासमा परिवर्तन ।

सामाजिक परीक्षकको नाम : सरुज साह/नविन के.सी.

दस्तखत :

मिति : २०७४/८/२८

*सामाजिक परिक्षण कार्यक्रमको प्रतिवेदन छलफलको क्रममा सरोकारवालाहरुको सहभागिता सुनिश्चितताकालागि आवह्वान गरिएको सुचनाको नमुना:*

मिति : २०७४।०७।२४

श्री स्टेशन म्यानेजर ज्यू,
सामुदायिक रेडियो सूर्योदय/अर्घाखाँची/देउराली/सर्गभ
अर्घाखाँची

विषय : सूचना प्रसारण गरिदिनुहुन ।

प्रस्तुत विषयमा मालारानी गाँउकार्यपालिकाको कार्यालय,खनदह अर्घाखाँचीको आर्थिक सहयोगमा सामाजिक परिक्षक विज्ञहरु द्धारा संचालित मालारानी गाँउपालिका वार्ड नं. ३ खनदह र वार्ड नं. ६ हंसपुरमा गरिएको सामाजिक परिक्षण कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धमा यहि मिति २०७४।०७।२९ गते मालारानी गाँउपालिकाको सभाहल खनदह,अर्घाखाँचीमा दिनको ठिक ११ बजे बृहत छलफल कार्यक्रमको आयोजना गरिएकोले विभिन्न संघसंस्था, सरोकारवालाहरु तथा सर्वसाधारण सवैलाई पत्र पठाईसकिएको छ । कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उक्त कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

अनुरोधक
मेरो मिडिया घर,
सन्धिखर्क, अर्घाखाची

बोधार्थ : मालारानी गाँउकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

*सामाजिक परिक्षण कार्यक्रमको प्रतिवेदन छलफलको क्रममा सरोकारवालाहरुलाई पठाइएको पत्रको नमुना :*

मिति : २०७४।०७।१९

श्रीमान ...................... ज्यू,

...............................कार्यालय,

अर्घाखाँची

विषय : बृहत छलफल कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा मालारानी गाँउकार्यपालिकाको कार्यालय, खनदह,अर्घाखाँचीको आर्थिक सहयोगमा सामाजिक परिक्षक विज्ञहरु द्धारा संचालित वार्ड नं. ३ र ६ खनदह र हंसपुर वडामा गरिएको सामाजिक परिक्षण कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धमा निम्न लिखित समय र स्थानमा बृहत छलफल कार्यक्रमको आयोजना गरिएकोले उक्त कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

कार्यक्रमको विवरण

मिति : २०७४।०७।२९

स्थान : मालारानी गाँउपालिकाको हल, खनदह,अर्घाखाँची

समय : विहान ११:०० बजे

.............................

मेरो मिडिया घर

सन्धिखर्क, अर्घखाँची


*सामाजिक परिक्षण कार्यक्रमको प्रतिवेदन छलफलको क्रममा सरोकारवालाहरुबीचमा गराइएका आचार संहिताको नमुना:*

आमभेला कार्यक्रमलाई व्यवस्थित, मर्यादित, प्रभावकारी र फलदायी बनाउनका लागि सहभागीहरुले निम्न लिखित आचारसंहिताको पालना गर्नु पर्नेछ :

- कार्यक्रम संचालकले बोल्न संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा के राख्ने हो स्पष्ट वताई प्रश्न वा जिज्ञाशा राख्नुपर्नेछ,
- आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन पाइने छैन,
- सहभागिलाई जवाफदेहि बक्ताले दिएको जवाफ चित्त नबुझेमा संचालकको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ,
- सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ,
- आमभेलामा सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन,
- छलफलको क्रममा सहभागि तथा जवाफदेहि वक्ताले निजी वा व्यक्तिगत कुरामा टिप्पणी तथा व्यक्तिगत आक्षेप लगाउन पाइने छैन,
- आमभेलामा उठेका सवालहरु आरोपको रुपमा नभई सुधारका लागि सुझावका रुपमा ग्रहण गरिनु पर्नेछ,
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने,
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने,
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने,
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने,
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने,
- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने,
- तथ्यांक र सुचनामा आधारित रहि सहभागि तथा जवाफदेहीवक्ताले विचार राख्ने ।

*धन्यवाद*





# सामजिक परीक्षणका झलकहरु



